# अपिहिमाल गाउँपालिकाको आर्थिक ऐन २०७७ (संसोधन २०७७)

**अपिहिमाल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

| | |
|---|---|
| सभाबाट स्वीकृत मिति :- | २०७७/०३/०९ |

अपिहिमाल गाउँपालिका
दार्चुला जिल्ला
७ प्रदेश

2077/3/10

Scanned with CamScanner

**प्रस्तावनाः** अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम अपिहिमाल गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "अपिहिमाल आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि अपिहिमाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**:गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः**गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।



Scanned with CamScanner

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **बिक्री तथा निकासी शूल्क** : गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्ने रेख देखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुङ्गा, गिट्टी, बालुवा आदि बस्तुके बाह्य निकासी गरेवाफत अनुसुचि (१३) बमोजिमको कर लगाईने र असुल उपर गरिनेछ ।

१५. **कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।



Scanned with CamScanner

## अनुसूची (१)

| |
|---|
| एकीकृत सम्पति कर लगाउने सम्बन्धमा आवश्यक अध्ययन गरी निर्धारण गरिने छ। |

| भूमीकर वार्षिक | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | वर्ग | न्युनतम १० रोपनी सम्म कर रु ७० मा | | थप प्रति रोपनी रु ८ | |
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अब्बल | | | | |
| २ | दोयम | | | | |
| ३ | सीम | | | | |
| ४ | चाहार | | | | |
| बाक्रो जमिन राख्ने किसानलाई प्रति रोपनी हाल तिरेको रकमको दोब्बर तिर्नु पर्नेछ। | | | | | |

## अनुसूची (२)

| क्र.सं. | घरको कसिम | घर कर रु. प्रति तला वार्षिक | | |
|---|---|---|---|---|
| | | तला | आवासिय प्रयाजेन | व्यवसायिक प्रयाजेन |
| १ | ढलान भएको | १ त. २त ३त | १००,१५०,२०० | १५०,२००,२५० |
| २ | सिलेटले छाएको | १ त. २त ३त | ५०,७५,१०० | ७५,१००,१२५ |
| ३ | खर वा जस्ता पाताले छाएको | १ त. २त ३त | ५०,७५,१०० | ७५,१००,१२५ |
| ४ | खर ले छाएको | १ त. २त ३त | २५,५०,७५ | २५,५०,७५ |
| ५ | आधा ढलान,आधा ढलाननभएको | १ त. २त ३त | ७५,१००,१२५ | ७५,१००,१२५ |

## अनुसूची (३)

| सि.नं. | घरवहाल कर |
|---|---|
| १ | बहाल रकमको १० प्रतिशत |

## अनुसूची (४)

| व्यवशाय कर | | | |
|---|---|---|---|
| क्र.सं. | व्यावशायको किसिम | कर रु (वार्षिक) | |
| | | थोक विक्रेता | खुद्राविक्रेता |
| १ | ज्वलरी सुन चाँदीपसल | | ८००० |
| २ | | | |
| ३ | भिडियो क्यामेरा फोटो पसल | | २००० |

| | | | |
|---|---|---|---|
| ४ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइल मर्मत) | | २००० |
| ५ | भाँडा पसल | | १००० |
| ६ | हार्डवेयर | | ३००० |
| ७ | खाद्यान्न किराना पसल थोक विक्रेता | | १००० |
| ८ | खाद्यन्न किराना पसल खुद्रा विक्रेता | | १००० |
| ९ | गेष्टहाउस | | ३००० |
| १० | स्टेशनरी | | २००० |
| ११ | वित्तीय बैक नेपाल सरकारको स्वामित्ववाहेक | | १०,००० |
| १२ | बहुउद्देश्यीय सहकारी -ऋण, तथा बचत संस्था | | ५००० |
| १३ | कृषि सहकारी संस्था | | १००० |
| १४ | औषधीपसल | | ३००० |
| १५ | दाँतबनाउँने | | |
| | निजी क्षेत्रकाविद्यालय | | |
| | क) आधारभूततह | | |
| | ख) प्राविधिकशिक्षालयवाक्याम्पस | | |
| १७ | गै.स.सं. | | १००० |
| | अन्तरराष्ट्रिय गै.स.सं. | | ३००० |
| | ठेक्कापट्टा (व्यक्तिगत) | | |
| | "घ" वर्ग ईजाजत पत्र दस्तुर | | १५००० |
| १९ | "घ" वर्ग ईजाजत पत्र नविकरण | | ५००० |
| २० | मासु पसल | | १५०० |
| | कपडा पसल | | १५०० |
| | सूचीकार । टेलर्स | | १००० |
| २१ | राइस मिलकुटनीपीसानी | | १००० |
| २२ | अन्य सबै प्रकारको व्यवशाय | | १००० |
| २३ | संघ संस्था दर्ता | | ७०० |
| २४ | घट्ट – सार्वजनिक | | १५० |
| | घट्ट – निजि | | २०० |
| २५ | काष्ट तथा फर्निचर उद्योग | | ५००० |
| २६ | पोल्ट्री फर्म | | २५०० |
| २७ | कृषि फर्म तथा कम्पनी | | १००० |
| २८ | ऋण सहकारी संस्था | | ३००० |
| २९ | मदिरा होलसेल | | २०००० |



Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| | होटेल | | २००० |
| ३० | खुद्रा मदिरा पसल, | | २५०० |
| ३१ | सुर्ति जंन्य पदार्थ व्यावसायिक शुल्क | | २५०० |
| ३२ | | | |

अनुसूची (५)

| जडिबुडी कर व्यावशायिक प्रयोजन | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| | | |

| जीवजन्तु कर व्यावशायिक प्रयोजन | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रति भैंसी रांगा आयात निर्यात | २५० |
| २ | प्रति खसी बाखा | ५० |
| ३ | प्रति खच्चर | १०० |

| कवाडीं कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रति क्विन्टल | |

अनुसूची (७)

| विज्ञापन कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रतिहोडिंग बोर्ड | १०० |
| २ | | |

अनुसूची (८)

| मनोरञ्जन कर | | |
|---|---|---|
| क.सं. | किसिम | कर रु |
| १ | प्रति सागितिक महोत्सव | १५०० |
| २ | प्रति खेलकुद चर्खा आदि | २००० |

अनुसूची (९)

| बहाल विरौटी कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | वार्षिक कर रु |
| १ | हाट बजारमा आएको प्रति पसल | १० |
| २ | फेरीमा सामान बेच्न प्रति व्यक्ति | १००० |



Scanned with CamScanner

अनुसूची (१२)

| सेवाशुल्क दस्तुर तथा सिफारिस सम्बन्धी | | |
|---|---|---|
| सि नं | विवरण | दर |
| १ | घर जग्गा नामसारी सिफारिस | १५० |
| २ | मोह मोही लगत कट्टा सिफारिस | |
| ३ | घर कायम सिफारिस | १०० |
| ४ | छात्र बृत्ति सिफारिस | ० |
| ५ | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | ० |
| ६ | अपांग सिफारिस | ० |
| ७ | अस्थायी बसोवास सिफारिस | १०० |
| ८ | स्थायी वसोवास सिफारिस | १५० |
| ९ | नागरिकता सिफारिस | १०० |
| १० | नागरिकता र प्रतिलिपि सिफारिस | १५० |
| ११ | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| १२ | आर्थिक अवस्थाकमजोर वा विपन्नता प्रमाणित | ० |
| १३ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | २५०० |
| १४ | विद्युत जडान सिफारिस | ० |
| १५ | धारा जडान सिफारिस | ५० |
| १६ | जिवित रहेको सिफारिस | १०० |
| १७ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० |
| १८ | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० |
| १९ | व्यवसाय वन्द सिफारिस | १०० |
| २० | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० |
| २१ | व्यापार व्यवसाय नभएको सिफारिस | १०० |
| २२ | कोट मिनाहा सिफारिस | ५० |
| २३ | नावालक परिचयपत्र सिफारिस | १०० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| २४ | चौपाया सम्बन्धी सिफारिस | १०० |
| २५ | व्यवसायदर्ता वासिफारिस | १००० |
| २६ | उद्योग ठाउँ सरी सिफारिस | ५०० |
| २७ | विद्यालय ठाउँ सरी सिफारिस | ५०० |
| २८ | आन्तिरिक बसाइँसराई सिफारिस | १०० |
| २९ | व्यक्तिगत विवरण सिफारिस | १०० |
| ३० | जग्गादर्ता सिफारिस | १०० |
| ३१ | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० |
| ३२ | संरक्षक सिफारिस (संस्थागत) | ५०० |
| ३३ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० |
| ३४ | ज़िवित संगको नाता प्रमाणित | १०० |
| ३५ | मृतक संगको नाता प्रमाणित | १०० |
| ३६ | कोठा खोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | १०० |
| ३७ | निशुल्कवा सशुल्क स्वास्थ्यउपचार सिफारिस | ० |
| ३८ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | १०० |
| ३९ | संस्थादर्ता वासिफारिस | |
| ४० | घरबाटो प्रमाणित | १०० |
| ४१ | चार किल्ला प्रमाणित | १०० |
| ४२ | जन्ममिति प्रमाणित | १०० |
| ४३ | विवाह प्रमाणित | १०० |
| ४४ | कागज मन्जुरीनामा प्रमाणित | १०० |
| ४५ | हकवाला वाहकदार प्रमाणित | १०० |
| ४६ | अविवाहित प्रमाणित | १०० |
| ४७ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | १०० |
| ४८ | जग्गा धनीपूर्जा हराएको सिफारिस | १०० |
| ४९ | पूर्जामा घर कायमगर्ने सिफारिस | १०० |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ५० | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० |
| ५१ | मिलापत्र कागज /उजुरी दर्ता | ५० |
| ५२ | जन्मदर्ता | १०० |
| ५३ | मृत्यु दर्ता | १०० |
| ५४ | वसाई सराई आउने/जाने दर्ता | १०० |
| ५५ | पक्का घरको सर्जमिन वापत | १०० |
| ५६ | अन्य सवै प्रयोजनको सर्जमिनवापत | १०० |
| ५७ | अचल सम्पत्ति मूल्याकंन | २५०० |
| ५८ | रकम कलम उढाई दिएवापत | १०० |
| ५९ | सम्वन्ध विच्छेद दर्ता | ५०० |
| ६० | विवाह दर्ता | १०० |
| ६१ | व्यवसायन विकरण दर्ता | ५०० |
| ६२ | उल्लेखित बाहेक अन्य | १०० |
| ६३ | सिफारिस (संस्थागत) | १०० |
| ६४ | सिफारिस (व्यक्तिगत) | १०० |
| ६५ | प्रमाणित (संस्थागत) | १०० |
| ६६ | प्रमाणित (व्यक्तिगत) | १०० |
| ६७ | संशोधन | १०० |
| ६८ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | २०० |
| ६९ | आन्तरिक योजना सम्पन्न सिफारिस | २०० |
| ७० | बाह्य योजना सम्पन्न सिफारिस | २०० |
| ७१ | न्यायक समितिको कार्यालयमा निवेदन दस्तुर | २०० |

## अनुसुची (१३)

| |
|---|
| घनमिटरमा उल्लेख भएका ठूला आयोजनाहरु प्रति घनमिटर **बालुवा** : रु १००/- |
| साना आयोजना प्रति कट्ठा : रु ५ |
| घन मिटरमा उल्लेख भएका ठूला आयोजनाहरुमा गिट्टी : रु १०० |
| साना आयोजना गिट्टी प्रति कट्टा : रु ५ |

अपि हिमाल गाउँपालिका

Scanned with CamScanner